Together We Can Achieve
नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स
Nepal Association of Tour & Travel Agents
Goma Ganesh, Gairidhara, Naxal Kathmandu
Tel: 977-1-4519409, 4518661, 4519616 | E-mail: admin@natta.org.np, info@natta.org.np
Website: www.natta.org.np
Reg No.: 071-27/11/2022
SWC Affiliation No.: 25285

# पाचौं नाट्टा कार्यसमिति बैठक

मिति: २०८३ असोज २० गते

नाट्टा नं. ०१२९-०८३/८४

आज मिति २०८३ साल असोज महिनाको १८ गते तदनुसार अक्टोबर ०४ तारिख २०२६, आइतबारका दिन दिउँसो ०१:३० बजे नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (NATTA) को पाचौं कार्यसमिति बैठक संघका अध्यक्ष श्री भरत जङ्ग पाण्डेज्यूको अध्यक्षतामा देहायबमोजिम पदाधिकारीज्यूहरु एवं कार्यसमिति सदस्यज्यूहरूको उपस्थितिमा संघको सचिवालय, गोमा गणेश, गैरीधारा, नक्सालमा बसी तपशिल अनुसारका छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री भरत जङ्ग पाण्डे | अध्यक्ष |
| २. | श्री सुनिल शर्मा | वरिष्ठ उपाध्यक्ष |
| ३. | श्री सबिता के.सी. भट्टराई | उपाध्यक्ष |
| ४. | श्री राज कुमार देवकोटा | महासचिव |
| ५. | श्री रमेश पराजुली | सचिव |
| ६. | श्री जीवन कोइराला | सह-कोषाध्यक्ष |
| ७. | श्री स्मारिका थापा | कार्यसमिति सदस्य |
| ८. | श्री प्रकाश लोहनी | कार्यसमिति सदस्य |
| ९. | श्री नविन गुरुङ | कार्यसमिति सदस्य |
| १०. | श्री सुमन लाल श्रेष्ठ | कार्यसमिति सदस्य |
| ११. | श्री स्वस्तिका प्रधान | कार्यसमिति सदस्य |
| १२. | श्री संकेत दाहाल | कार्यसमिति सदस्य |
| १३. | श्री मोबिन उदास | कार्यसमिति सदस्य |
| १४. | श्री ईश्वर प्रसाद उपाध्याय | कार्यसमिति सदस्य |

## पाँचौं नाट्टा कार्यसमिति बैठकका एजेन्डाहरू / Agendas of Fifth NATTA Executive Board Meeting

१. नयाँ मनोनीत नाट्टा कार्यसमिति सदस्यको स्वागत सम्बन्धमा / Welcome to the Newly Nominated NATTA Board Member.
२. आउटबाउन्ड पर्यटन तथा नेपाल राष्ट्र बैंक (NRB) सँग सम्बन्धित विषयमा / Outbound Tourism and NRB–Related Matters.
३. नाट्टा सचिवालयका विषयहरू सम्बन्धमा / NATTA Secretariat Matters.
४. अन्तर्राष्ट्रिय तथा पोखरा उडानहरूको प्रवर्द्धन र समर्थन सम्बन्धमा / Promotion and Support for International Flights and Pokhara Flights.
५. आन्तरिक पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन सम्बन्धमा / Promotion of Domestic Tourism Destinations.
६. संघको आर्थिक अद्यावधिकता सम्बन्धमा / Financial Update.
७. विविध विषयवस्तुको छलफल सम्बन्धमा / Miscellaneous.

UFTAA Tourism Council of Thailand nepal FNCCI Nepal Chamber BITM Buddhist International Travel Mart Explore the Buddhaland Nepal

## छलफल तथा निर्णयहरु

बैठकको सुरुवात गर्नुहुँदै नाट्टाका अध्यक्ष श्री भरत जङ्ग पाण्डेज्यूले समसामायिक विषयवस्तुहरुको छलफल पश्चात महासचिव श्री राजकुमार देवकोटाज्यूलाई आजको बैठकका विषयवस्तुहरूको जानकारी सहित अगाडि बढाउन अनुरोध गर्नुभयो र महासचिवज्यूले बैठकका तपशिल एजेन्डाहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गर्नुभयो ।

## एजेन्डा नं. १: नयाँ मनोनीत नाट्टा कार्यसमिति सदस्यको स्वागत सम्बन्धमा ।

नाट्टाको विधान परिच्छेद ४ को दफा १५ बमोजिम गत चौथो नाट्टा कार्यसमिति बैठकमा अध्यक्षज्यूद्वारा कार्यसमिति सदस्य पदमा मनोनयनका लागि प्रस्ताव गर्नुभएका सदस्य कम्पनीहरू– मुस्कान ट्राभल्स एण्ड टुर्स प्रा. लि. का श्री मोबिन उदासज्यू र ग्लोबल भ्याकेसन टुर्स एण्ड ट्राभल्स प्रा. लि. का श्री ईश्वर प्रसाद उपाध्यायज्यू लाई यस कार्यसमितिको बैठकले सर्वसम्मत रूपमा अनुमोदन गरे अनुरुपआजको बैठकमा नव-मनोनीत दुवै जना सदस्यहरूलाई नाट्टा सचिवालयमा हार्दिक स्वागत गर्दै पद तथा गोपनीयताको शपथ ग्रहण गराई खादा, माला र प्रमाणपत्र सहित विधिवत रूपमा पदभार ग्रहण गराइयो । साथै उहाँहरुको मनोनयनका लागि हार्दिक बधाई ज्ञापन सहित सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

## एजेन्डा नं. २: आउटबाउन्ड पर्यटन तथा नेपाल राष्ट्र बैंक (NRB) सँग सम्बन्धित विषयमा

नेपालबाट बाह्य पर्यटन (Outbound Tourism) नाट्टाका सदस्य कम्पनीहरूले टुर प्याकेज बापतको भुक्तानी लगायत विदेशी मुद्रा विनिमयमा भोग्नु परिरहेका विविध समस्याहरूको विषयमा विस्तृत छलफल गरियो । साथै, हाल नेपालमा छिमेकी मुलुक बंगलादेशबाट आउने पर्यटकहरूको संख्यामा उल्लेखनीय वृद्धि भइरहेको परिप्रेक्ष्यमा बंगलादेशी मुद्रालाई नेपालमा प्रचलनमा ल्याउन र विदेशी विनिमयमा समावेश गर्न आवश्यक देखिएका दुवै विषयको उचित समाधान र सहजीकरणका लागि नेपाल राष्ट्र बैंकसमक्ष प्रत्यक्ष छलफल गर्ने र आवश्यक पहल तथा पत्राचार अगाडि बढाउने निर्णय गरियो ।

## एजेन्डा नं. ३: नाट्टा सचिवालयका विषयहरू सम्बन्धमा ।

यस एजेन्डाअन्तर्गत नाट्टा सचिवालयको दैनिक प्रशासनिक तथा व्यवस्थापकीय कामकारबाहीलाई थप चुस्त र प्रभावकारी बनाउने विषयमा सामान्य छलफल तथा अद्यावधिक जानकारी गराईयो । नाट्टा वर्तमान कार्यकारी प्रमुख (CEO) श्री रघुनाथ बिडारीज्यूको पदावधी आगामी २०८३ साल मंसिर मसान्तबाट पूरा हुन गैरहेको विषयमा छलफल हुदाँ उहाँको कार्यसम्पादनको अपेक्षेकृत उत्कृष्ट मूल्याङ्कन गर्दै हाललाई पदावधी थप गर्ने र कार्य सम्झौता, सेवाअवधि एवं सेवासुविधा सहित करारनामा सम्बन्धि सम्पूर्ण जिम्मेबारी कार्यसमिति अध्यक्षज्यू तथा महासचिवज्यूले तय गर्ने निर्णय समेत गरियो ।

## एजेन्डा नं. ४: अन्तर्राष्ट्रिय तथा पोखरा उडानहरूको प्रवर्द्धन र समर्थन सम्बन्धमा ।

संयुक्त अरब इमिरेट्स (UAE) को हवाई सेवा प्रदायक 'flydubai' ले आफ्नो वर्तमान काठमाडौं-दुबई सिधा उडानलाई विस्तार गर्दै गत सेप्टेम्बर २२ तारिखबाट दुबई-पोखरा सिधा उडान सुरुवात गरेको विषयलाई बैठकले अत्यन्त सकारात्मक रूपमा लिएको छ। नेपालको नयाँ अन्तर्राष्ट्रिय स्तरको पोखरा क्षेत्रीय विमानस्थलमा सुरु भएको यस उडानलाई ऐतिहासिक एवं स्वागतयोग्य कदम मान्दै, उक्त उडानलाई दिगो र स्थायी रूपमा सञ्चालन गर्न आवश्यक सहयोग पुर्‍याउन तथा

Goma Ganesh, Gairidhara, Naxal Kathmandu
Tel: 977-1-4519409 4518661, 4519616 | E-mail: admin@natta.org.np info@natta.org.np
Website: www.natta.org.np
Reg No.: 071-27/11/2022
SWC Affiliation No.: 25285

सोही अनुसार टिकेटिङलाई प्राथमिकता दिन नाट्टाका सम्पूर्ण सदस्यहरूलाई परिपत्र गर्ने निर्णय गरियो । साथै, फ्लाई 'flydubai' लाई हर्दिक धन्यवाद तथा शुभकामनासहितको औपचारिक पत्राचार गर्ने निर्णय गरियो ।

यसैगरी, 'flydubai' को उडान तालिका साँझको समयमा पोखरा अवतरण गर्ने भएको हुँदा, काठमाडौँबाट पोखरा हुँदै दुबई जाने र दुबईबाट पोखरा हुँदै काठमाडौं वा अन्य सहर जाने यात्रुहरूको सहजताका लागि नेपालका आन्तरिक हवाई सेवा प्रदायकहरूलाई आफ्नो उडान तालिका सोही अनुकूल परिमार्जन तथा विस्तार गर्न अनुरोध गर्दै पत्राचार गर्ने निर्णयसमेत गरियो ।

**एजेन्डा नं. ५: आन्तरिक पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन सम्बन्धमा ।**

हाल नेपालमा परम्परागत शैलीका टुर प्याकेजहरू मात्र बन्ने र काठमाडौं, पोखरा, चितवन जस्ता स्थापित क्षेत्रहरूलाई मात्र समेटेर बजारीकरण गर्ने परिपाटी रहेको सन्दर्भमा, यसलाई परिवर्तन गरी नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान र प्रवर्द्धन गर्नुपर्ने, आन्तरिक पर्यटनलाई बढावा दिनुपर्ने आवश्यकता औंल्याउदैं यसका लागि नाट्टाका सम्पूर्ण प्रादेशिक संघ तथा च्याप्टरहरूलाई आ-आफ्नो क्षेत्रका नयाँ गन्तव्यहरूको जानकारी संकलन गरी सोही अनुरूपका टुर प्याकेजहरू निर्माण गरेर यथाशीघ्र केन्द्रमा पठाउन परिपत्र गर्ने निर्णय गरियो ।

"घुमौ नेपाल, चिनौं नेपाल र रमाऊ नेपालमै " भन्ने मूलभूत उद्देश्यका साथ गन्तव्य प्रवर्द्धनका कार्यक्रमहरू अगाडि बढाउने र यस कार्यको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित उपसमितिका संयोजक श्री संकेत दाहाललाई आवश्यक समन्वयको जिम्मेवारी तोक्ने निर्णय गरियो । यस कार्यमा नाट्टाका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूले आवश्यक सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरियो ।

**एजेन्डा नं. ६: संघको आर्थिक अद्यावधिकता सम्बन्धमा ।**

नाट्टाका कोषाध्यक्ष श्री दीकी शेर्पाज्यूको अनुपस्थितिमा सह-कोषध्यक्ष श्री जीवन कोईरालाज्यूले नाट्टाको वर्तमान आर्थिक अवस्थाको अद्यावधिक विवरण कार्यसमिति समक्ष प्रस्तुत गर्नुभयो । उहाँले हालको आय-व्यय स्थिति, दायित्व र भुक्तानी सम्बन्धी विवरणसहित सदस्यता नवीकरणको अवस्थाको जानकारी गराउनुभयो ।

बैठकमा संघको आर्थिक अवस्थाबारे अद्यावधिक जानकारी गराइएपश्चात तपसिल बमोजिमका निर्णयहरू गरिए:

**क) पुराना सदस्यहरूको बक्यौता तथा नवीकरण:**

नाट्टाको सदस्यता प्राप्त गरी दुई वा सोभन्दा बढी आर्थिक वर्षदेखि नवीकरण नगरेका सदस्यहरूलाई पुनः संस्थामा आबद्ध गराउन विशेष अवसर प्रदान गर्ने निर्णय गरियो । जसअनुसार त्यस्ता सदस्यहरूले कम्तीमा पछिल्लो एक आर्थिक वर्षको नवीकरण शुल्क, चालु आर्थिक वर्षको नवीकरण शुल्क र विधानबमोजिम लाग्ने शुल्क बुझाएमा सदस्यता पुनःस्थापित गर्न सकिनेछ । यस सुविधाको उपभोग गर्न सदस्यहरूले आफ्ना सम्पूर्ण अद्यावधिक कागजातसहित आगामी तीन महिनाभित्र (पौष मसान्तसम्म) नविकरण कार्य गरिसक्नुपर्नेछ ।

NATTA 1966 Together We Can Achieve

**ख) सदस्यता नवीकरणको समयावधि थपः**

विधानबमोजिम प्रत्येक आर्थिक वर्षको पहिलो तीन महिना (आश्विन मसान्त) भित्र सदस्यता नवीकरण गरिसक्नुपर्ने प्रावधान भए तापनि, यस वर्ष बडादशैं, तिहार लगायतका चाडपर्वहरू सोही समयमा परेको र अधिकांश कार्यालयहरू बिदा रहने अवस्थालाई मध्यनजर गर्दै, हाललाई कुनै पनि जरिवाना शुल्क नलाग्ने गरी नवीकरण कार्यको म्याद केही थप गरी (आगामी पुष मसान्तसम्मलाई थप गर्ने निर्णय गरियो ।

**ग) अलाइड कर्पोरेट (Allied Corporate) सदस्यता व्यवस्थाः**

नाट्टाको विधानले खुला गरेका विभिन्न व्यावसायिक तथा व्यापारिक कम्पनी/संगठनहरूलाई लक्षित गर्दै 'सहयागी सदस्यता' (Allied Membership) शुल्कलाई सापेक्षित परिमार्जन गर्दै दर्ता शुल्क रू. ५,०००/- र वार्षिक शुल्क रू. ५०,०००/- कायम गर्दै यस सदस्यता बापत विधानले तोकेका सुविधाहरूका साथै त्यस्ता सदस्यहरूको नाम, लोगो र आधिकारिक वेबसाइटको लिङ्क नाट्टाको आधिकारिक वेबसाइटमा प्रवर्द्धन गर्ने व्यवस्था मिलाइने समेत निर्णय गरियो ।

**घ) प्रवासीय (No-Residential) सदस्यता व्यवस्थाः**

नेपालबाहिर रहेर नाट्टासँग समन्वय गरी काम गर्न इच्छुक विदेशी ट्राभल एजेन्सी तथा पर्यटन सम्बद्ध संघसंस्थाहरूलाई नाट्टामा आबद्ध गराउन विधान बमोजिम 'प्रवासीय सदस्यता' वितरण कार्य अघि बढाउने र यस्ता सदस्यताका लागि दर्ता शुल्क रू. ५,०००/- र वार्षिक शुल्क रू. २०,०००/- कायम गरिने निर्णय गरियो ।

**ङ. "विश्व पर्यटन दिवस कार्यक्रमहरूको आय-व्यय प्रस्तुति, खर्च अनुमोदन सम्बन्धमा"**

विश्व पर्यटन दिवसका सन्दर्भमा नाट्टाद्वारा आयोजित कार्यक्रमहरु NATTA Clean and Green Campaign र Nepal Calling: NATTA Heritage Run 2026 को प्रारम्भिक आय तथा व्ययको विवरण यस कार्यसमिति बैठकमा प्रस्तुत गरियो । सो सम्बन्धमा छलफल हुँदा, हालसम्म प्राप्त सम्पूर्ण आय-व्ययको विवरण, प्राप्त गर्नुपर्ने (उठ्न बाँकी) रकम, तिर्नुपर्ने दायित्व तथा प्राप्त बिल बिजकहरू सम्बन्धित कार्यक्रम संयोजकज्यूले रुजु गरी कोषाध्यक्षज्यूले प्रमाणित गर्ने गरी प्रस्तुत खर्चको अनुमोदन गर्दै आवश्यक भुक्तानी प्रक्रियालाई अगाडि बढाउने र साथै, विभिन्न सहयोगीहरु तथा प्रायोजकहरूबाट उठाउनुपर्ने शुल्क तथा रकमहरूलाई संकलन गर्न आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

**एजेन्डा नं. ७: विविध विषयवस्तुको छलफल सम्बन्धमा ।**

**क. नयाँ सदस्यता स्वीकृतिः**

नाट्टा सदस्यता तथा प्रतिक्रिया समिति (NATTA Membership & Feedback Committee) का संयोजक एवं कार्यसमिति सदस्य श्री स्वस्तिका प्रधानज्यूले आवश्यक अनुगमन र अध्ययन पश्चात सिफारिस गर्नुभएका देहाय बमोजिम ४ वटा नयाँ पर्यटन व्यवसायी कम्पनीहरूलाई नाट्टाको सक्रिय (क्रियाशील) सदस्यता प्रदान गर्ने निर्णय गरियो ।

1. Mountain Top Travels & Tours Pvt. Ltd.
2. Himalayan Heaven Tours PVT. Ltd.
3. Siddhibinayak Holidays Pvt. Ltd.
4. Idel Nepal Treks and Tours Pvt. Ltd.

Goma Ganesh, Gairidhara, Naxal Kathmandu

Tel: 977-1-4519409, 4518661, 4519616 | E-mail: admin@natta.org.np, info@natta.org.np

Website: www.natta.org.np

Reg No.: 071-27/11/2022 SWC Affiliation No.: 25285

**ख. सदस्यहरूका गुनासो सम्बोधनः**

नाट्टा सदस्य कम्पनीहरुले Spice Jet, Malindo, Saurya Airlines लगायतका हवाई सेवा प्रदायक कम्पनीहरूले लामो समयदेखि रहेको, विभिन्न प्रयोजनमा रहेको बक्यौता रकम, Deposit Balance आदिका विषयमा नाट्टामा राखेको गुनासोलाई सचिवालयले तदारुकताका साथ समन्वय एवं पत्राचार गरी Malindo, Saurya Airlines विषयहरु समाधान गर्न सफल भएको र Spice Jet को पनि समाधानका क्रममा रहेको व्यहोरा बैठकमा जानकारी गराइयो ।

**ग. BTTF ट्राभल ट्रेड फेयर सहभागिताः**

नेपाल पर्यटन बोर्ड र नाट्टाको सहकार्य सहित बंगलादेशमा आयोजना गर्ने BTTF 2026 ट्राभल ट्रेड फेयरका सम्बन्धमा, बोर्डले हाल कुनै पनि Trade Fair, International Mart तथा Sales Mission जस्ता कार्यक्रमहरु निजी पर्यटन संघसंस्थाहरूमार्फत कार्यक्रम सञ्चालन गर्न नसक्ने भनी पत्राचार गरेको हुँदा, उक्त मेलामा नाट्टाको सहभागिता नरहने जानकारी गराइयो ।

**घ. विश्व पर्यटन दिवस कार्यक्रमको समीक्षाः**

गत सेप्टेम्बर २७ मा नाट्टाले आयोजना गरेका विश्व पर्यटन दिवसका कार्यक्रमहरू अत्यन्त सफलताका साथ सम्पन्न भएकोमा कार्यक्रम संयोजक श्री नवीन गुरुङले प्रस्तुत गर्नुभएको प्रतिवेदनपश्चात, नाट्टा अध्यक्षको नेतृत्व, उपसमिति र सचिवालयको प्रभावकारी समन्वयमा कार्यक्रम सफल भएको भन्दै अध्यक्ष, संयोजक, कार्यसमिति र सचिवालयलाई विशेष धन्यवाद ज्ञापन गरियो । साथै, 'स्वच्छ र हरित कार्यक्रम' अन्तर्गत देशव्यापी सरसफाइ कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने सम्पूर्ण प्रादेशिक संघ तथा च्याप्टरहरूलाई धन्यवाद दिइयो ।

**ङ. नेपाल पर्यटन ऐन सुधारमा सहभागिताः**

मिति २०८३ असोज १७ गते नेपाल उद्योग परिसंघद्वारा आयोजित 'नेपाल पर्यटन विधेयक' सम्बन्धी अन्तरक्रियामा नाट्टाका अध्यक्ष श्री भरत जङ्ग पाण्डे र कार्यसमिति सदस्य श्री सुमन लाल श्रेष्ठले सहभागी हुनु भई प्रभावकारी प्रस्तुतीकरण दिनुभएको र नाट्टाका सुझावहरू सम्बन्धित निकायमा पुग्न सफल भई विधेयकमा परिमार्जन हुने अपेक्षा गरिएको जानकारी गराइयो ।

**च. सम्पदा क्षेत्रको टिकट प्रणालीमा सहजीकरणः**

नाट्टाका सचिव श्री रमेश पराजुलीले नेपालका विभिन्न सम्पदा क्षेत्रहरूमा प्रवेश शुल्क प्रणाली प्रभावकारी नरहेको र उचित अनुगमन नभएको विषय प्रस्तुत गर्नुभयो । यसलाई व्यवस्थित गर्न नाट्टाले सम्बन्धित निकायहरूसँग समन्वय गरी नाट्टा मार्फत नै टिकटिङको सहजीकरण वा व्यवस्थापन गर्न सकिने प्रस्ताव तयार गरी सम्बन्धित निकायहरुमा आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

NATTA 1966 Together We Can Achieve

**छ. पर्यटकीय स्थलहरूमा सार्वजनिक शौचालय व्यवस्थापनः**

पर्यटकीय क्षेत्रहरूमा तथा पर्यटकीय बिसौनीहरुमा सार्वजनिक शौचालयको अभावले पर्यटकहरूले सास्ती भोगेको व्यापक गुनासोलाई सम्बोधन गर्न नाट्टाको अगुवाइमा त्यस्ता क्षेत्रहरूको पहिचान गरी सम्बन्धित स्थानीय एवं सोकारवाला निकायहरुसँग समन्वय गरी दातृ निकाय वा व्यावसायिक कम्पनीहरूसमक्ष शौचालय निर्माण तथा दिगो व्यवस्थापनका लागि प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

**ज) नाट्टाको नयाँ वेबसाइट सञ्चालनः**

लामो समयदेखि अद्यावधिक हुन नसकेको नाट्टाको आधिकारिक वेबसाइटलाई परिमार्जन गरी पोर्टलसहित निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको हुँदा, आवश्यक सुधारपश्चात यसलाई तत्काल सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**झ. सदस्यता मापदण्ड (Criteria) परिमार्जनः**

नाट्टाको सदस्यता प्राप्त गर्न निवेदन दिँदा आवेदक कम्पनिहरुको सहजताका लागि समय सापेक्ष हुने गरी पेश गर्नुपर्ने कागजातहरू र विवरणहरूको ढाँचामा परिमार्जन गर्ने निर्णय गरियो । जसअन्तर्गत केही महत्वपूर्ण कागजातहरूलाई अनिवार्य र अन्यलाई ऐच्छिक (Optional) रूपमा राख्ने गरी कार्यविधि अगाडि बढाइने निर्णय गरियो ।

अन्य विविध समसामयिक विषयहरूमाथि संक्षिप्त छलफल पश्चात्, बाँकी विषयहरूलाई आवश्यकता अनुसार आगामी कार्यसमिति बैठकका नियमित एजेन्डामा समावेश गर्ने गरी विस्तृत छलफल गरिने जानकारी सहित बैठकका अध्यक्ष श्री भरत जङ्ग पाण्डेज्यूले उपस्थित सम्पूर्ण पदाधिकारी तथा कार्यसमिति सदस्यज्यूहरूलाई उहाँहरूको सक्रिय सहभागिता र रचनात्मक सुझावहरूका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै आजको बैठक औपचारिक रूपमा समापन भएको घोषणा गर्नुभयो ।

NATTA 1966 Together We Can Achieve